# याङवरक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## थर्पु, पाँचथर

**१ नं. प्रदेश नेपाल**

पत्र संख्या :- ०७६/७७

चलानी नं. : १५०१

विषय :- **सिलबन्दी दरभाउपत्र आव्हानको सूचना ।**

**प्रथम पटक सूचना प्रकाशित मिति :- २०७६/१२/०५**

उपरोक्त सम्बन्धमा याङवरक गाउँ कार्यपालिका राजश्व परामर्श समितिको सिफारिसमा गाउं सभाको निर्णय स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ को खण्ड घ को बुदा नं. ६ बमोजिम याङवरक गाउँपालिकाको कार्यालय, पाँचथरले आ.व. २०७६/०७७ को लागि आन्तरिक आय पूर्वाधार तथा वनपैदावार जन्य वस्तुहरु (अम्लिसो, बाँस, खयर, गोलिया, फेन्टा चिरान, लोटसल्ला, जडिबुटि अर्गेली/कागते लोक्ता दाउरा) को निकासीकर संकलन ठेक्का निम्नानुसार वन्दोबस्त गर्नुपर्ने भएकाले प्रचलित नेपाल कानून बमोजिम इच्छुक योग्य व्यक्ति, फर्म वा कम्पनी संस्थाहरुबाट दरभाउपत्र फाराम खरिद गरी तपशिलमा उल्लेखित शर्तहरुका अधिनमा रही कवोल गरेको ठेक्का रकम अंक र अक्षरमा खुलाई दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**ठेक्का शर्तहरु**

१. दरभाउपत्र फाराम खरिद गर्न आ.व.०७५/७६ मा नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र,आ.व. ०७४/७५ को आयकर चुक्ता प्रमाणपत्र,नेपाली नागरिकताको प्रमाणित प्रतिलिपिहरु सहित यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन (कार्यालय समय भित्र) खरिद गरी १६ औं दिनको २ बजे भित्र कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

२. यसरी दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरु १६ औं दिनका १२:०० बजे सम्ममा कार्यालयको प्रतिनिधिहरु र सिलबन्दी दरभाउपत्र दाताहरुको रोहवरमा खोलिने छ तर सिलवन्दी दरभाउपत्र दाताहरु अनुपस्थित रहेमा पनि खोल्न बाधा पर्ने छैन ।

३. दरभाउपत्र फाराममा आफुले कबोल गरको दररेट अंक र अक्षरमा स्पष्ट उल्लेख गरेको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

४. सिलबन्दी दरभाउपत्र पेश गर्नेले नियमानुसार आफुले कबोल गरेको अंकको ५% ले हुन आउन रकम याङवरक गाउंपालिकाको सिभिल बैंक स्थित धरौटी खाता नं.0621018489900047 मा नगद दाखिला गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त बैंकले दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट ७५ दिन मान्य अवधि रहने गरि जारी गरेको छुट्टाछुट्टै बैंक जमानत पेश गर्नु पर्नेछ ।

५. ठेक्का अवधि : सिलवन्दी दरभाउपत्रबाट स्वीकृत भई सम्झौता भएको मिति देखि ०७७ असार मसान्त सम्मको लागी मात्र रहेनेछ ।

६. न्युनतम ठेक्का अंक भन्दा घटी कबोल गरी सिलबन्दी दरभाउपत्र पेश गर्न पाइने छैन, साथै ठेकेदारबाट कुनै सर्त राखिएको वा रीत नपुगेको सिलबन्दी दरभाउपत्र माथि कुनै कार्वाही गरिने छैन ।

७. माथि उल्लेखित सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने नगर्ने वा रद्द गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ

८. सिलबन्दी दरभाउपत्र सम्बन्धि शर्तहरु तथा दररेट सम्बन्धि विस्तृत विवरण यस कार्यालयको वेबसाइट www.yangwarakmunpanchthar.gov.np बाट पनि हेर्न सकिनेछ । सो सम्बन्धी अन्य कुरा बुझ्न परेमा याङवरक गाउंपालिकाको कार्यालय, पाँचथर तथा फोन नं. ०२४-४१००४८,४९ मा सम्पर्क राख्न सकिने छ ।

**ठेक्काको विवरण**

| आन्तरिक आय वन्दोवस्त ठे.नं. | ठेक्काको किसिम | न्युनतम ठेक्का अंक | दरभाउपत्र फारम दस्तुर |
|---|---|---|---|
| ०२/२०७६/०७७ | वन पैदावार जन्य वस्तुहरुको निकासी कर | १५००००/- (एक लाख पचास हजार मात्र) | १०००/- |

.................

**रोहिणी आचार्य**

**प्रमुख प्रशासकीय अधिकृत**

रोहिणी आचार्य

प्रमुख प्रशासकीय अधिकृत